आज मिति २०८० साल असोज २२ गते सोमबार नेपालको संविधानको धारा २१६ अनुसार गठित नमोबुद्ध नगरपालिकाका, नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्रीमान् कुनसाङ लामाज्यूको अध्यक्षतामा देहायका कार्यपालिका सदस्यज्यूहरुको उपस्थितमा २१ (एकाईसौं) बैठक बसी निम्न बमोजिमको निर्णय गरीयो।

<u>उपस्थिति</u>

१. नगर प्रमुख: श्रीमान् कुनसाङ लामा

२. नगर उपप्रमुख: श्री रत्न बहादुर लामा

३. प्रमुख प्रशासकीय अधिकृत: श्री ईश्वरी प्रसाद शर्मा

४. वडा अध्यक्ष वडा नं. १ : श्री प्रेम बहादुर तामाङ

५. वडा अध्यक्ष वडा नं. २ : श्री कवि राज श्रेष्ठ

६. वडा अध्यक्ष वडा नं. ३ : श्री रमेश तिवारी

७. वडा अध्यक्ष वडा नं. ४ : श्री अर्जुन बहादुर कार्की

८. वडा अध्यक्ष वडा नं. ५ : श्री सुरे तामाङ

९. वडा अध्यक्ष वडा नं. ६ : श्री टिका बहादुर के.सी.

१०. वडा अध्यक्ष वडा नं. ७ : श्री धर्म सिं लामा

११. वडा अध्यक्ष वडा नं. ८ : श्री शेर बहादुर तामाङ

१२. वडा अध्यक्ष वडा नं. ९ : श्री विर बहादुर लामा

१३. वडा अध्यक्ष वडा नं. १० : श्री रामकृष्ण उपाध्याय

१४. वडा अध्यक्ष वडा नं. ११ : श्री कृष्ण बहादुर तामाङ

१५. नगर कार्यपालिका सदस्य : श्री वेली निलम लामा

१६. नगर कार्यपालिका सदस्य : श्री शान्ति तामाङ

१७. नगर कार्यपालिका सदस्य : श्री असली माया मोक्तान

१८. नगर कार्यपालिका सदस्य : श्री गीता श्रेष्ठ

१९. नगर कार्यपालिका सदस्य : श्री बुद्ध कुमारी तामाङ

२०. नगर कार्यपालिका सदस्य : श्री शुसिला परियार

२१. नगर कार्यपालिका सदस्य : श्री सुरेश तोलाङ्गे (सार्की)

२२. नगर कार्यपालिका सदस्य : श्री गोपाल नेपाली

छलफलका लागि पेश भएका विषयहरु:

१. विभिन्न परिपत्र सम्बन्धमा।

२. सडकहरुको नामाकरण तथा मापदण्ड पुनरावलोकन गर्ने सम्बन्धमा।

३. सुभकामना आदानप्रदान सम्बन्धमा।

४. विविध।

निर्णयार्थ पेश भएका विषयहरु:

१. कार्यपालिका बैठकको निर्णयहरु कार्यान्वयनको समीक्षा सम्बन्धमा।

२. आर्थिक वर्ष २०८१/०८२ देखि आर्थिक वर्ष २०८५/०८६ को आवधिक नगर विकास योजना स्वीकृत गर्ने सम्बन्धमा।

३. आर्थिक वर्ष २०८०/०८१ देखि आर्थिक वर्ष २०८४/०८५ को स्थानीय अनुकुलन कार्ययोजना स्वीकृत गर्ने सम्बन्धमा।

४. कानूनी सल्लाहकार म्याद थप गर्ने सम्बन्धमा।

५. प्रेस सल्लाहकारको म्याद थप गर्ने सम्बन्धमा।

६. परियोजना संचालन गर्न सहमति प्रदान गर्ने सम्बन्धमा।

७. एकीकृत खरिद प्रणाली कार्यान्वयन गर्ने सम्बन्धमा।

८. हार्दिक आभार प्रकट गर्ने सम्बन्धमा।

९. विश्व सांस्कृतिक शान्ति पदयात्रा कार्यक्रम व्यवस्थापनको गर्दाको खर्च भुक्तानी गर्ने सम्बन्धमा।

१०. आर्थिक वर्ष २०८०/०८१ को लागि प्राकृतिक श्रोत तथा खानीजन्य वस्तुको बिक्रि निकासी शुल्क संकलन सम्बन्धी बोलपत्र आव्हानको प्रकृया अगाडी बढाउने सम्बन्धमा।

११. बहुवर्षीय योजनामा समावेश गर्न अनुरोध गर्ने सम्बन्धमा।

१२. आवश्यक पहल गर्ने सम्बन्धमा।

१३. विविध।

निर्णयहरु:

निर्णय नम्बर १:

नमोबुद्ध नगरपालिका नगर कार्यपालिकाको विभिन्न मितिमा भएका निर्णयहरुको कार्यान्वयनको अवस्थाको बारेमा समीक्षा गरियो।

**निर्णय नम्बर २:**

नमोबुद्ध नगरपालिकाले स्कोलर नेपाल प्रा.लि., किर्तिपुर, काठमाडौंको प्राविधिक सहयोगमा आवधिक, वार्षिक, रणनीतिगत, विषय क्षेत्रगत, मध्यमकालीन तथा दीर्घकालीन विकास योजनाको मार्गचित्रलाई नगरपालिकाको समग्र विकासका लागि महत्वपूर्ण मार्गदर्शक दस्तावेजको रुपमा निर्माण गरिएको आर्थिक वर्ष २०८१/०८२ देखि आर्थिक वर्ष २०८५/०८६ को आवधिक नगर विकास योजना स्वीकृत गरी कार्यान्वयन गर्ने।

**निर्णय नम्बर ३:**

नेपाल सरकार, वन तथा वातावरण मन्त्रालय, नमोबुद्ध नगरपालिका, संयुक्त राष्ट्रसङ्घीय वातावरण कार्यक्रम (यू.एन.ई.पी.) को आर्थिक तथा प्राविधिक सहयोग र ईकार्डस नेपालको सहजीकरणमा निर्माण भएको आर्थिक वर्ष २०८०/०८१ देखि आर्थिक वर्ष २०८४/०८५ को स्थानीय अनुकुलन कार्ययोजना स्वीकृत गरी कार्यान्वयन गर्ने।

**निर्णय नम्बर ४:**

नमोबुद्ध नगरपालिकाको मिति २०७९ असार ३ गते बसेको नगर कार्यपालिका बैठकको निर्णय अनुसार यस नगरपालिकाको विभिन्न क्षेत्रमा कानुन सम्बन्धी परामर्श लगायत कानुनका विविध कार्यहरुमा समन्वय, सहयोग, सहकार्य र सहजीकरणको लागि नमोबुद्ध नगरपालिका वडा नम्बर ११ निवासी नेपाल कानून व्यवसायी परिषद्को क्रम संख्या १३७६/०७८/०७९, प्रमाणपत्र नम्बर १९६०८ मा दर्ता कायम भएका अधिवक्ता श्री महेन्द्र तामाङलाई कानुनी परामर्शदाता/सल्लाहकारको रुपमा नियुक्त भई हालसम्म कार्यरत रहेको र नमोबुद्ध नगरपालिकाको दोश्रो नगर सभाको तेश्रो अधिवेशनबाट आर्थिक वर्ष २०८०/०८१ को लागि स्वीकृत भएको वार्षिक नगर विकास योजना (नीति, कार्यक्रम तथा बजेट) मा कानूनी सेवा/परामर्श खर्चबाट कानूनको क्षेत्रमा गरिएका मासिक कार्य सम्पादनको प्रगति प्रतिवेदन पेश भए पछि मिति २०७९ भदौ २२ गतेको नगर कार्यपालिका बैठकको निर्णयानुसार तोकिएको सेवा सुविधा रकम रु. ३४००० (अक्षेरुपी चौतिस हजार) मासिक रुपमा उपलब्ध गराउने गरी आर्थिक वर्ष २०८०/०८१ को श्रावण देखि असार सम्मको लागि कानूनी सल्लाहकारको रुपमा म्याद थप गर्ने।

**निर्णय नम्बर ५:**

नमोबुद्ध नगरपालिकाको मिति २०७९ भदौ ०२ गते बसेको नगर कार्यपालिका बैठकको निर्णय अनुसार नमोबुद्ध नगरपालिका वडा नम्बर ०८ निवासी श्री नगेन्द्र अधिकारीलाई नमोबुद्ध नगरपालिकाको प्रेस सल्लाहकारको रुपमा नियुक्त गरी हालसम्म कार्यरत रहेको हुँदा यस नमोबुद्ध नगरपालिकाको दोश्रो नगर सभाको तेश्रो अधिवेशनबाट आर्थिक वर्ष २०८०/०८१ को लागि स्वीकृत भएको वार्षिक विकास योजना (नीति, कार्यक्रम तथा बजेट) मा सूचना तथा संचार परामर्श खर्चबाट प्रेस क्षेत्रमा गरिएका मासिक कार्य

सम्पादनको प्रतिवेदन पेश भए पछि रु. ३४००० (अक्षेरुपी चौतिस हजार) मात्र संचार तथा यातायात खर्च उपलब्ध गराउने गरी आर्थिक वर्ष २०८०/०८१ को श्रावण देखि असार सम्मको लागि प्रेस सल्लाहकारको रुपमा म्याद थप गर्ने।

निर्णय नम्बर ६:

विगत लामो समयदेखि अपाङ्गताको क्षेत्रमा क्रियाशील संस्था श्री सिबिएम ग्लोवल नेपाल र श्री श्रोत व्यवस्थापन तथा ग्रामीण सशक्तीकरण केन्द्र (रिमरेक) ले संचालन गर्ने समुदायमा आधारित समावेशी विकास सम्बन्धी परियोजनालाई वार्षिक प्रगति प्रतिवेदन पेश गर्ने गरी नमोबुद्ध नगरपालिकाको सहयोग, समन्वय र साझेदारीमा संचालन गर्न अनुमति प्रदान गर्ने।

निर्णय नम्बर ७:

नमोबुद्ध नगरपालिकाको दोश्रो नगर सभाको तेश्रो अधिवेशनबाट आर्थिक वर्ष २०८०/०८१ को लागि स्वीकृत भएको वार्षिक विकास योजना (नीति, कार्यक्रम तथा बजेट) मा विनियोजन भएका खरिद गर्नुपर्ने खालका वडागत तथा नगरस्तरीय कार्यक्रमहरु एकीकृत रुपमा नगरपालिकाबाट मात्र नियमानुसार खरिद प्रकृया अगाडी बढाउने।

निर्णय नम्बर ८:

जिल्ला समन्वय समिति काभ्रेपलाञ्चोक, काभ्रे सेवा समाज, काभ्रे तथा अन्य सहयोगी संघ-संस्थाद्वारा आयोजना तथा नमोबुद्ध नगरपालिकाको सह-आयोजनामा विश्व शान्ति दिवस र विश्व पर्यटन दिवसको सन्दर्भमा ऐतिहासिक शहर पनौती देखि धार्मिक, ऐतिहासिक, पुरातात्विक, सांस्कृतिक एवं वातावरणीय महत्व बोकेको विश्वको नै सांस्कृतिक धरोहरका रुपमा रहेको युवराज महासत्व (प्रसिद्ध तथा प्राचिन नमोबुद्ध) रहेको स्थानसम्म पदयात्रा र **विश्व सांस्कृतिक शान्ति पदयात्रा कार्यक्रम** सफल पार्न सहयोग गर्ने मन्त्री परिषद्का पुर्व अध्यक्षज्यू, काभ्रेपलाञ्चोक जिल्ला भित्रका प्रतिनिधि सभा सदस्यज्यूहरु, बागमती प्रदेश सरकारका माननीय मन्त्रीज्यूहरु, काभ्रेपलाञ्चोक जिल्ला भित्रका प्रदेश सभा सदस्यज्यूहरु, जिल्ला समन्वय समितिका प्रमुखज्यू तथा पदाधिकारीज्यूहरु, काभ्रेपलाञ्चोक जिल्ला भित्रका स्थानीय तहका प्रमुखज्यू तथा जनप्रतिनिधिज्यूहरु, नमोबुद्ध नगरपालिकाका सम्पूर्ण जनप्रतिनिधिज्यूहरु, नमोबुद्ध नगरपालिका प्रमुख प्रशासकीय अधिकृत लगायत सम्पूर्ण कर्मचारी परिवार, श्री नेपाल पत्रकार महासंघ, काभ्रेपलाञ्चोक लगायत सम्पूर्ण संचारकर्मीज्यूहरु, सम्पूर्ण राजनीतिक दल, श्री थ्राङगु टाशी यांगत्से गुम्बा, श्री नमोबुद्ध घ्यांङ गुठि, श्री नमोबुद्ध विकास समिति, सुरक्षा निकाय, स्वयंसेवक परिचालन गर्न सहयोग गर्नुहुने श्री बाल उज्वल माध्यमिक विद्यालय तथा श्री लक्ष्मी नारायण माध्यामिक विद्यालय, नगरबासीहरु, विभिन्न संघ संस्था, सम्पूर्ण पदयात्री, स्थानीय लगायत सम्पूर्ण सहयोगी सरोकारवालाहरुमा नमोबुद्ध नगरपालिका हार्दिक आभार प्रकट गर्ने।

निर्णय नम्बर ९:

काभ्रेपलाञ्चोक जिल्लाका लागि केहि गरौं भन्ने भावनाका साथ काभ्रेको कला, संस्कृति, पर्यटन लगायत विभिन्न क्षेत्रमा सामाजिक कार्य गर्दै आएको श्री काभ्रे सेवा समाजले विश्व शान्ति दिवसका सन्दर्भमा (२३ सेप्टेम्बर २०२३) अर्थात् २०८० साल असोज ४ गतेका दिन स्वयम्भूबाट प्रारम्भ भई पनौती हुँदै २०८० साल असोज ६ गतेका दिन धार्मिक, एतिहासिक, पुरातात्विक, सांस्कृतिक एवं वातावरणीय महत्व बोकेको विश्वको नै सांस्कृतिक धरोहरका रुपमा रहेको युवराज महासत्व (प्रसिद्ध तथा प्राचिन नमोबुद्ध) रहेको स्थानसम्म नमोबुद्ध नगरपालिकाका विभिन्न स्थानहरुको पहिचान बढाई आन्तरिक र बाह्य पर्यटकको विकास-प्रवर्धन गर्ने पवित्र उदेश्य लिएर "शान्तिका लागि कार्य" भन्ने नाराका साथ सम्पन्न गरिएको **विश्व सांस्कृतिक शान्ति पदयात्रा कार्यक्रम** मा भएको तपशिल बमोजिमको खर्च मिति २०८०/०५/२९ गतेको नगर कार्यपालिका बैठकबाट गठित विश्व सांस्कृतिक शान्ति पदयात्रा कार्यक्रम व्यवस्थापन समितिले समेत अनुमोदन गरी पेश गरेकोले सो खर्च अनुमोदन गरी नमोबुद्ध नगरपालिकाको दोश्रो नगर सभाको तेश्रो अधिवेशनबाट आर्थिक वर्ष २०८०/०८१ को लागि स्वीकृत भएको वार्षिक विकास योजना (नीति, कार्यक्रम तथा बजेट) मा विनियोजन भएको विविध खर्च वा अन्य उपयुक्त खर्च शिर्षकबाट नियमानुसार भुक्तानी गर्ने।

तपशिलः

| क्र.म | खर्च शिर्षक | खर्च (रु.) | कैफियत |
|---|---|---|---|
| १ | खाजा तथा खाना खर्च | रु.२,८८,३२० | |
| २ | प्रचारप्रसार सामाग्री तथा व्यानर | रु. ९५,६०० | |
| ३ | सरसफाई खर्च | रु. २६,६०० | |
| ३ | विविध | रु. २०,००० | |
| | **जम्मा** | रु. ४,३०,५२० | |

निर्णय नम्बर १०:

यस नमोबुद्ध नगरपालिका, नगर कार्यपालिकाको मिति २०८०/०३/०३ को बैठकको निर्णयानुसार नमोबुद्ध नगरपालिकाको आर्थिक वर्ष २०८०/०८१ को लागि प्राकृतिक तथा खानी जन्य बस्तु (ढुङ्गा, गिट्टी, ग्राभेल, बालुवा, रोडा, काठ, माटो, दहत्तर बहत्तर) को ब्रिक्री तथा निकासी शुल्क संकलनको ठेक्का बन्दोबस्त(बोलपत्र) सम्बन्धी नगरपालिका भित्र संचालनमा रहेका खानीजन्य उद्योगहरुको वार्षिक मूल्यांकन गरी नियमानुसार सूचना प्रकाशित गरिएकोमा तेश्रो पटक सूचना प्रकाशन गर्दा समेत कुनै पनि बोलपत्रदाताबाट बोलपत्र दर्ता हुन नआएको हुँदा मिति २०८०/०३/०३ को नगर कार्यपालिका बैठकको निर्णय अनुसार नमोबुद्ध नगरपालिका वडा नम्बर ०६ स्थित श्री तिरुपति रोडा ढुङ्गा उद्योग प्रा.लि. र वडा नम्बर ०६ स्थित श्री ब्लु साईन रोडा ढुङ्गा उद्योग प्रा.लि.बाट निकासी गरिने गाडीका आधारमा साथै नगरपालिकाबाट गठित प्राविधिक समितिले पेश गरेको प्रतिवेदन समेतको आधारमा पुन अनुमानित (हाल

नगरपालिकाबाट संकलन भईरहेको राजश्व र गाडीको आधार) गरिएको तपशिल बमोजिमको वार्षिक मूल्यांकन अनुसार उद्योगहरुको छुट्टाछुट्टै रुपमा चौथो पटक १५ दिन अवधि राखी बोलपत्र आव्हान गर्ने। चौथो पटक बोलपत्र आव्हान गर्दा मिति २०८० श्रावण १ गते देखि सम्झौता हुन सक्ने दिन सम्म (चौथो पटक सूचना प्रकाशन गर्ने मिति २०८० असोज २४ गते, सूचनाको अवधि १५ दिन, आशयको सूचना ७ दिन समेत) जम्मा ११६ दिनको अनुमानित वार्षिक मूल्यांकनमा सो दिन बराबरको घटाई बोलपत्र आव्हान गर्ने।

साथै उल्लेखित उद्योगहरु बाहेक सोही प्रकृतिका अन्य उद्योगहरु दर्ता हुन आएमा सो पश्चात छुटाछुटै मूल्यांकन गरी बोलपत्र आव्हान गर्ने।

तपशिलः

उद्योगबाट निकासी गरिने गाडीका आधारमा अनुमानित राजश्व विवरणः

| क्र.म. | खानि उद्योगको विवरण | ठेगाना | औषत निकासी हुने गाडी (टिपर/ठुलो गाडी) को संख्या (सम्बन्धमा उद्योग र सङ्कलनमा खटिएका कर्मचारीबाट प्राप्त विवरणका आधारमा) | बागमती प्रदेश सरकारको आर्थिक ऐन, २०७८ बमोजिम प्रति गाडी औषत राजश्व | प्रति दिन संकलन दर | वार्षिक | तेश्रो पटक बोलपत्र आव्हान गर्नको लागि गरिएको मूल्यांकन (मू.अ.कर सहित) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | श्री तिरुपति रोडा ढुङ्गा उद्योग प्रा.लि. | नमोबुद्ध नगरपालिका वडा नम्बर ०६ | ७ | ३००० | रु.२१,००० | रु.७६,६५,००० | रु. ५२,२९,००० (११६ दिन घटाएर जम्मा २४९ दिनको) | खानी तथा भूगर्भ विभाग र नगरपालिकामा दर्ता भएको |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २ | श्री ब्लु साईन रोडा ढुङ्गा उद्योग प्रा.लि. | नमोबुद्ध नगरपालिका वडा नम्बर ०६ | १० | ३००० | रु.३०,००० | रु. १,०९,५०,००० | रु. ७४,७०,००० (११६ दिन घटाएर जम्मा २४९ दिनको)) | खानी तथ भूगर्भ विभागमा दर्ताको लागि निवेदन पेश भएको |
| | जम्मा | | १८ | | रु.५१,००० | रु.१,८६,१५,००० | रु.१,२६,९९,००० | |

उल्लेखित चौथो पटक प्रकाशित सूचनामा समेत नियमानुसार बोलपत्रदर्ता हुन नआएमा पुनः यसै विधि अनुसार र अन्य प्रचलित कानून बमोजिम सूचना प्रकाशित गर्ने।

**निर्णय नम्बर ११:**

यस काभ्रेपलाञ्चोक जिल्ला, क्षेत्र नम्बर ०१ अन्तर्गतको नमोबुद्ध नगरपालिका वडा नम्बर ०१ लाई समेट्ने नगर गौरवको योजनाको रुपमा रहेको धुलिखेल नगरपालिका वडा नम्बर ११ को सिमाना हुँदै नमोबुद्ध नगरपालिका १ नम्बर वडा कार्यालयबाट नमोबुद्ध जाने ५ किलोमिटर सडकलाई बहुवर्षीय योजनामा समावेश गर्न सम्बन्धित निकायलाई अनुरोध गर्ने।

**निर्णय नम्बर १२:**

बागमती प्रदेश सरकार, स्वास्थ्य मन्त्रालय, स्वास्थ्य निर्देशनालय, मेथिनकोट अस्पताल, भकुण्डेबेशी, काभ्रेपलाञ्चोकको प.सं. २०८०/०८१, च.नं. १९६, मिति २०८०/०६/२२ को C.T. Scan ल्याउन पहल गर्ने सम्बन्धमा प्राप्त पत्रानुसार मेथिनकोट अस्पताललाई अति आवश्यक परेको C.T. Scan उपलब्ध गराउन स्वास्थ्य मन्त्रालय वा कान्ति बाल अस्पताललाई अनुरोध गर्ने।